# महान्यायाधिवक्ताको कार्यालय
नेपाल
कर्मचारी प्रशासन
(.......................... शाखा)

पत्र संख्या :- ०७९/०८० (निर्देशन)

रामशाहपथ, काठमाडौं

चलानी नं. :- १६६२

मिति :- २०८०।०२।०२

बिषयः निर्देशन सम्बन्धमा।

श्री उच्च सरकारी वकील कार्यालय, सबै
श्री बिशेष सरकारी वकील कार्यालय, काठमाडौं
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै

माननीय महान्यायाधिवक्ताज्यूबाट मिति २०८०।०२।०२ को निर्णय अनुसार सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ बमोजिम देहाय बमोजिमको निर्देशन जारी भएको छ। प्रस्तुत निर्देशन यस कार्यालयको च.नं. १७६३, मिति २०७८।११।२ को पत्र र च.नं. १९७४, मिति २०७८।३।२९ को पत्रबाट जारी निर्देशनको निरन्तरता भएकाले यस अघि जारी गरिएका उल्लिखित निर्देशन र प्रस्तुत निर्देशन कार्यान्वयन गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ।

**निर्देशन नं. २१ः ठगी, चेक वाउन्स सम्बन्धी बैंकिङ्ग कसूर तथा वैदेशिक रोजगार जस्ता दुनियाँको विगो समावेश भएका मुद्दामा अभियोजन गर्दा विगो यकिन गर्ने सम्बन्धमाः-**

ठगी, चेक बाउन्स सम्बन्धी बैंकिङ्ग कसूर तथा वैदेशिक रोजगार जस्ता दुनियाँको विगो समावेश भएका कसूरमा प्रतिवादी सावित भएको वा तथ्ययुक्त प्रमाणले यकिन भए भन्दा बाहेकको विगो कायम गर्दा जाहेरवाला वा पीडितले प्रतिवादीलाई दिएको वा प्रतिवादीबाट पाउनुपर्ने रकम भन्दा बढी रकम दावी गरी बढी जाहेरी दिने र जाहेरीमा उल्लिखित अंकलाई नै विगो कायम गरी अभियोग माग दावी लिँदा अभियोगपत्र यथार्थपरक नभएको र दावी स्थापित हुने नगरेको देखिन्छ। माथि उल्लिखित दुनियाँको विगो समावेश भएका मुद्दासँग सम्बन्धित कसूरको अनुसन्धान गर्दा नै जाहेरवाला वा कसूर पीडितबाट प्रतिवादीले लिएको भनिएको रकमको स्रोत र रकम दिएको माध्यम (बैंकिङ प्रणाली वा कुनै भरपाई कागज) जाहेरवालाबाट खुलाउन लगाई स्रोत र भुक्तानीलाई पुष्टि गर्ने कागजात जाहेरवाला वा पीडितसंग रहे भएको पुष्टि हुने गरी प्रमाण संकलन गरी जाहेरीमा उल्लिखित रकमको अंक पुष्टि हुने कागज प्रमाणका आधारमा विगो कायम गर्ने गराउने।

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज : ४२००८२४, ४२००८२५
इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np

महान्यायाधिवक्ताको कार्यालय
नेपाल
(.............................. शाखा)
रामशाहपथ, काठमाडौं

पत्र संख्या :-

चलानी नं. :- १६६२

मिति :-..............................

निर्देशन नं. २२: बरामद भएको चोरीको धनमाल जाहेरवाला वा माल धनीलाई तत्काल फिर्ता दिलाउने सम्बन्धमाः-

चोरी सम्बन्धी कसूरमा बरामद भएको चोरीको धनमाल तत्काल जाहेरवाला वा धनीलाई फिर्ता नगरी अदालतमा दसीको रूपमा पेश गर्ने र अदालतबाट फिर्ता दिने आदेश / फैसला हुँदासम्म त्यस्ता धनमाल नासिने, बिग्रने वा तत्काल प्रयोग गर्न नपाई कसूर पीडितलाई थप पीडा हुने भई जाहेरी नै दिन नमान्ने तथा तत्काल सामान फिर्ता पाउनु पर्नेमा नपाएको भनी गुनासो आउने गरेको सन्दर्भमा मुलुकी फौजदारी कार्यविधि नियमावली,२०७५ को नियम १४ बमोजिम सामान फिर्ता गर्न / गराउनका लागि सहजिकरण गर्ने।

निर्देशन नं. २३: कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० र नियमावली, २०७७ को कार्यान्वयन सम्बन्धमाः-

कसूरजन्य सम्पत्ति तथा साधनको व्यवस्थापनको लागि कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० र नियमावाली, २०७७ जारी भै गृह मन्त्रालय अन्तर्गत कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको स्थापना समेत भैसकेको परिप्रेक्ष्यमा उक्त ऐनको दफा ५ बमोजिम कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा नियन्त्रणमा लिइएको सम्पत्ति वा साधन मध्ये मुद्दाको रोहमा कसूरसँग सम्बद्धता भएका दसी प्रमाणको लागि प्रयोग हुने सम्पत्ति तथा साधन छुट्टयाई कसूरसँग सम्बन्धित सम्पत्ति तथा साधन मात्र अदालतमा पेश गरी अन्य सम्पत्ति तथा साधनको (कसूरसँग सम्बन्धित नभएको कुनै व्यक्तिको नीजि सम्पत्ति बाहेक) सम्बन्धमा काठमाण्डौ, ललितपुर र भक्तपुर जिल्लाका सरकारी वकीलले उक्त विभागमा र अन्य जिल्लाका सरकारी वकीलले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा बुझाउने गरी व्यवस्था गर्ने।

कसूरसँग सम्बन्धित भए पनि अदालतमा पेश गर्ने अवधीसम्म नासिने बिग्रने वा सुरक्षा / संरक्षण गर्न नसकिने सम्पत्तिका हकमा जिल्ला अदालत, विभाग, जिल्ला प्रशासन कार्यालय समेतसँग समन्वय गरी त्यस्ता सम्पत्तिको विस्तृत विवरण तयार गरी मूल्य खुलाई त्यस्तो मूल्य वरावरको रकम धरौटीमा राखी वा माथवर

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :– ४२००८२७, एक्सचेन्ज :– ४२००८२४, ४२००८२५
इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np

मानिसको जिम्मा लगाई त्यस्तो सम्पत्ति नासिन, बिग्रीन नपाउने गरी व्यवस्थापन गर्न गराउनका लागि सहजिकरण गर्ने।

त्यसैगरी कसूरसंग सम्बन्धित कुनै दसी जफतको मागदावी लिनु पर्दा कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को प्रयोग गर्ने।

**निर्देशन नं. २४: कर्तव्यको उजुरी परेको ज्यान सम्बन्धी कसूरको मुद्दा चलाउने हदम्याद सम्बन्धमा**

साविक मुलुकी ऐन, २०२० को ज्यान सम्बन्धीको महलको २० नं. तथा हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा १८७ को उपदफा (३) मा भएको कानूनी व्यवस्था बमोजिम ज्यान सम्बन्धी कसूरमा कर्तव्यको उजुरी परेको तर अनुसन्धानबाट कर्तव्यवाला यही हो भन्ने पत्ता नलागेको अवस्थामा मात्र बीस वर्षको हदम्याद हुने सीमा रहेको छ। कसैको नाम किटान गरी कर्तव्यको उजुरी परेको वा अनुसन्धान गर्दा कर्तव्यवाला पत्ता लागेको वा कसूरदार आफै सावित भएको अवस्थामा हदम्यादको सीमा नरही जहिलेसुकै पनि हदम्याद रहन्छ। तसर्थ ज्यान सम्बन्धी कसूरको वारदातमा उल्लिखित अवस्था अर्थात् कर्तव्यमा उजूरी परेको तर अनुसन्धानबाट कर्तव्यवाला यही हो भन्ने पत्ता लाग्न नसकेको अवस्थामा बीस वर्ष भित्र मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने। कर्तव्यवाला किटान गरी उजूरी परेको वा कर्तव्यमा उजूरी परेको बीस वर्ष भित्र अनुसन्धानबाट कर्तव्यवाला यही हो भनी पत्ता लागेको वा कसूरदार आफै सावित भई पोलेको अवस्थामा जहिलेसुकै मुद्दा चलाउन सकिने हुँदा सोही अनुसार गर्ने गराउने।

**निर्देशन नं २५: पुनरावेदन सम्बन्धी कारबाही अगाडि नबढाई तोक आदेश गरी लगत कट्टा गर्ने सम्बन्धमा:**

मातहत कार्यालयबाट पुनरावेदन गर्ने नगर्ने प्रस्ताव सहित प्राप्त कतिपय मिसिल अध्ययन गर्दा पुनरावेदन सम्बन्धी कारबाही गर्न नपर्ने विषयमा समेत पुनरावेदन नगर्ने प्रस्ताव सहित निकासाका लागि महान्यायाधिवक्ताको कार्यालयमा मिसिल प्राप्त हुने गरेको सन्दर्भमा देहाय बमोजिम गर्ने:-

# महान्यायाधिवक्ताको कार्यालय

(.............................. शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :-

चलानी नं. :- १६६२

मिति :-..............................

(क) मुलुकी अपराध संहिता, २०७४ लागू हुनु भन्दा पहिले अभियोजन गरिएका मुद्दामा हाल फैसला हुँदा संहिता बमोजिम अभियोग मागदाबी गरिए भन्दा कम सजाय भएतापनि केही नेपाल कानूनलाई संशोधन, एकिकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को खण्ड (ख) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम कम सजाय हुने कानूनी व्यवस्था रहेकाले यस्ता फैसला उपर पुनरावेदन सम्बन्धी कारबाही नगरी कार्यालय प्रमुखले सोही व्यहोराको तोक आदेश गरी लगत कट्टा गर्ने।

(ख) कुनै मुद्दामा मागदाबी बमोजिम कसूर कायम भएको तर कानूनले तोकेको सजायको सीमा भित्र रही स्वविवेकीय अधिकार अन्तर्गत सजाय तोकेको विषयमा पुनरावेदन गर्नुपर्ने मनासिव आधार कारण देखिई पुनरावेदन गर्नु पर्ने अवस्थामा पुनरावेदनको मस्यौदा गरी पठाउने तर यस्तो मुद्दामा पुनरावेदन गर्नु नपर्ने देखिएकोमा पुनरावेदन नगर्ने सम्बन्धी प्रस्ताव पठाउन नपर्ने। पुनरावेदन नगर्ने आधार र कारण खुलाई कार्यालय प्रमुखले तोक आदेश गरी मुद्दाको लगत कट्टा गर्ने।

(ग) कुनै मुद्दामा फैसला हुनु अगावै प्रतिवादीको मृत्यु भई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३ को उपदफा (१) बमोजिम अदालतबाट अभियोग माग दाबी खारेज भएकोमा उपदफा (२) बमोजिम विगो वा क्षतिपूर्ति भराउनु पर्ने अवस्था नरहे नभएकोमा पुनरावेदन सम्बन्धी कारबाही नगरी कार्यालय प्रमुखले सोही बमोजिम तोक आदेश गरी मुद्दाको लगत कट्टा गर्ने।

(घ) कुनै मुद्दामा कुनै प्रतिवादीका हकमा यस अघि अदालतमा अर्को कुनै मुद्दा चलेको भन्ने आधारमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४४, लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १६ बमोजिम थप सजायको माग दाबी लिएकोमा अदालतबाट फैसला हुँदा यस्ता प्रतिवादीले अघि सजाय नपाएको भन्ने आधारमा माग दाबी बमोजिम थप सजाय नगरेकोमा प्रचलित कानून

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

G:\My Drive\प्रशासन शाखा आ.व. २०७९।८०\पत्रहरु\परिपत्र.docx

महान्यायाधिवक्ताको कार्यालय
नेपाल
(.............................. शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :-

चलानी नं. :- १८६२

मिति :-..............................

बमोजिम थप सजाय गर्नलाई प्रतिवादीले अघि कुनै मुद्दामा सजाय पाएको हुनुपर्ने अनिवार्य व्यवस्था गरेको देखिदा यस्ता माग दाबी नठहरेको हकमा पुनरावेदन सम्वन्धी कारबाही गर्न उपयुक्त नहुने भएकाले सोही व्यहोराको तोक आदेश गरी लगत कट्टा गर्ने।

(ङ) अर्धन्यायिक निकाय वा अघिकारी जस्तै डिभिजनल वन अघिकृत, प्रमुख जिल्ला अघिकारी लगायतका

कानूनले तोकेको अर्धन्यायिक निकाय वा अघिकारीले गरेको फैसला उपर जिल्ला अदालतमा कानून बमोजिम पुनरावेदन परी सो अदालतबाट समेत सुरु फैसला सदर भएको र न्याय प्रशासन ऐन, २०७३ को दफा ८ को उपदफा (३) को खण्ड (ख) र (ग) को अवस्था विद्यमान नभएका मुद्दाहरुमा उच्च अदालतमा पुनरावेदन वा निवेदन लाग्न सक्ने कानूनी व्यवस्था देखिँदैन। तसर्थ यस्ता मुद्दाहरुमा भएको फैसला कानूनतः अन्तिम हुने भई पुनरावेदकीय कारबाही गर्नुपर्ने अवस्था नभएकोले जिल्ला सरकारी वकील कार्यालयको प्रमुखले सोही व्यहोरा जनाई तोक आदेश गरी लगत कट्टा गर्ने।

**निर्देशन नं. २६ः पुनरावेदन गर्ने हदम्याद सम्बन्धमाः-**

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ को उपदफा (४) मा "यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि फैसला भएको मितिले एक वर्षको अवधि नाघेपछि पक्षले फैसला भएको स्वतः थाहा पाएको मानिने छ" भन्ने कानूनी व्यवस्था रहेको छ। सो सम्बन्धमा गाण्डिव काफ्ले विरुद्ध उच्च अदालत पाटन समेत भएको बन्दीप्रत्यक्षीकरण मुद्दा (०७८-WH-०१७६) मा सर्वोच्च अदालतबाट मिति २०७८/०१/०८ मा भएको आदेशमा फैसलाको पूर्ण पाठ तयार भई प्रमाणीकरण भएको दिनलाई फैसला भएको मिति मानिने भन्ने व्याख्या भएको छ। तसर्थ फैसलाको पूर्ण पाठ तयार भई प्रमाणिकरण भएको मितिले एक वर्ष पुग्ने मिति भन्दा अगावै फैसलाको जानकारी प्राप्त गरी पुनरावेदन/निवेदन सम्बन्धी कारबाही भई नसकेको भए मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा

१३४ को उपदफा (४) को कानूनी व्यवस्था तथा सर्वोच्च अदालतबाट माथि उल्लिखित मुद्दामा भएको व्याख्यालाई ध्यानमा राखी फैसलाको जानकारी प्राप्त नभएको भएपनि अदालतबाट फैसला भई फैसलाको पूर्ण पाठ तयार भई प्रमाणीकरण भएको मितिबाट एक वर्ष व्यतित भएपछि सोही संहिताको दफा १३४ को उपदफा (१) अनुसारको पुनरावेदन/निवेदन म्याद कायम गरी पुनरावेदन/निवेदन सम्बन्धी कारबाही गर्ने गराउने।

**निर्देशन नं. २७: साक्षी उपस्थित गराउने एवं सोधपुछ तथा जिरह गर्ने सम्बन्धमा:-**

नेपाल सरकार वादी भई दायर भएका मुद्दाहरूमा अदालतमा बकपत्रका लागि साक्षी उपस्थित गराउने र सरकारी वकील उपस्थित भई वादीका साक्षीलाई सोधपुछ र प्रतिवादीका साक्षीलाई जिरह गर्ने कार्य प्रभावकारी रुपमा हुन नसकेको भन्ने गुनासो आउने गरेको छ। अदालतबाट साक्षी उपस्थित गराउन पटक-पटक आदेश हुँदा समेत साक्षी उपस्थित नगराउने वा निष्कृय रहने परिपाटीलाई अन्त्य गर्न जरुरी छ। तसर्थ अदालतबाट आदेश भई तोकिएको मितिमा अनिवार्य रूपमा साक्षी उपस्थित गराउने, त्यसरी साक्षी उपस्थित गराउन नसकिएमा फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ को नियम ३० बमोजिम गर्ने गराउने तथा साक्षी बकपत्र गराउदा अनिवार्य रुपले सरकारी वकील स्वयं उपस्थित भई प्रभावकारी रुपमा वादीका साक्षीसँग सोधपुछ र प्रतिवादीका साक्षीसँग जिरह गर्ने।

**निर्देसन नं. २८: कसूरजन्य कार्यको आरोप लागेका बालबालिकालाई नियन्त्रण लिने सम्बन्धमा**

लक्ष्मी (नानी) थापा विरुद्ध रुकुम जिल्ला अदालत, रुकुम पश्चिम समेत भएको बन्दीप्रत्यक्षीकरण समेत (रिट नं. ०७६-WH-०३८०) मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७७।०३।२१ मा "अब उप्रान्त कसूरजन्य कार्यको आरोप लगाई नियन्त्रणमा लिएका बालबालिकालाई अनुसन्धानको लागि निगरानी कक्षमा राख्न अदालतको अनुमति माग गर्दा अनिवार्य रूपमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २१ को उपदफा (७) बमोजिम एक पटकमा पाँच दिनमा नबढ्ने गरी बढीमा एकाईस दिनसम्म म्याद थपको माग गर्ने, निजहरुको तत्काल सोधपुछ

गराउन र सोही कसूरमा अन्य उमेर पुगेका व्यक्ति भए निजहरुको छुट्टै मिसिल खडा गर्न आवश्यक व्यवस्था मिलाउन भनी सबै जिल्ला सरकारी वकील कार्यालय तथा प्रहरी कार्यालयहरुलाई सूचित गर्न महान्यायाधिवक्ताको कार्यालयलाई जानकारी दिनु" भन्ने निर्देशनात्मक आदेश भएकोले उक्त निर्देशनात्मक आदेश बमोजिम गर्ने गराउने।

**निर्देशन नं. २९: कसूरको अनुसन्धानको दायरामा आएका बालबालिका विरूद्ध अभियोजन गर्दा र पुनरावेदन सम्वन्धी कारबाही गर्दा छुट्टै मिसिल तयार गर्ने सम्बन्धमा**

अभियोजन गर्दा अभियोजन गरिएका सबै व्यक्तिको उमेर खुलेको आधिकारिक कागज मिसिलमा राख्नुपर्ने कानूनी व्यवस्था रहेको छ। आरोपित बालबालिका र बालबालिका हुन भन्ने विश्वास गर्ने मनासिव आधार भएका व्यक्तिको उमेर खुलेको आधिकारिक कागज कतिपय मिसिलमा संलग्न रहेको पाइदैन। बालबालिकालाई वयस्क देखाई बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ प्रतिकूल उमेर पुगेका व्यक्तिसँगै अभियोजन गर्ने कार्य कार्बाहीयोग्य विषय भएको (०७८- WH-०१९१) तर्फ ध्यानाकर्षण गराउँदै बालबालिका संलग्न कसूरजन्य कार्यको आरोप लागेका बालबालिकाका हकमा उक्त नियमावलीको नियम ११ बमोजिम छुट्टै अभियोजन गर्ने / गराउने।

बालबालिका र वयस्कलाई एउटै अभियोगपत्रबाट मुद्दा चलाइएको भएमा मुद्दा पुर्पक्षको क्रममै रहेको भए अदालतसँग समन्वय गरी बालबालिकाको हकमा तत्काल छुट्टै मिसिल तयार गरी बाल न्याय कार्यविधिको अवलम्बन गरी बाल इजलासबाट मुद्दाको सुनुवाई हुने व्यवस्था गर्न पहल गर्ने।

बालबालिका र वयस्क व्यक्तिका हकमा एउटै मुद्दाबाट फैसला भइसकेको भए बालबालिकाको हकमा छुट्टै नक्कल मिसिल तयार गरी बाल न्याय कार्यविधि अवलम्बन गरी पुनरावेदन सम्बन्धी कारबाही गर्ने।

**निर्देशन नं. ३०: बालबालिका विरुद्धका कसूरमा बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिम अभियोजन गर्ने सम्बन्धमा:-**

मुलुकी अपराध संहिता, २०७४ को दफा २२५ मा बाल यौन दुरुपयोग सम्बन्धी कसूर र सजायको व्यवस्था गरिए तापनि सो संहिता सामान्य कानून हो। हाल बालबालिका विरुद्ध हुने कसूरजन्य कार्यलाई विस्तृत रुपमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ मा बाल हिंसा र बाल यौन दुर्व्यवहार गरी अलग अलग कसूरको व्यवस्था भएको र सोही ऐनको दफा ७२ मा सजाय सम्बन्धी व्यवस्था गरिएको छ। साथै सोही ऐनको दफा ६७ को उपदफा (२) मा बाल यौन दुर्व्यवहारको कसूर ठहर भएमा स्वत: नैतिक पतन कायम हुने व्यवस्था समेत भएको हुँदा बालबालिका विरुद्ध हुने कसूरमा अभियोजन गर्दा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ अनुसार अभियोजन गर्ने / गराउने।

**निर्देशन नं. ३१: मुद्दाको लगत कट्टा गर्ने सम्बन्धमा:-**

नेपाल सरकार वादी भई चलेका, नेपाल सरकारको हक हित वा सरोकार रहेका वा नेपाल सरकार उपर परेका मुद्दा तथा निवेदनको दायरी लगत कट्टा गर्ने सम्बन्धमा अन्तिम आदेश वा फैसला मिति वा त्यस्तो आदेश वा फैसला प्राप्त गरेको मितिका आधारमा लगत कट्टा गर्ने सम्बन्धमा सरकारी वकील कार्यालयहरुमा एकरुपता नभएको अनुगमन तथा निरीक्षणको क्रममा देखिएको हुँदा अदालतबाट सुनुवाइ भई अन्तिम आदेश वा फैसला भएको मितिलाई आधार मानी दायरी रजिष्ट्रमा मुद्दाको लगत कट्टा गरी तथ्यांक र मुद्दाको कारवाहीको विवरण अद्यावधिक गर्ने।

**निर्देशन नं. ३२: रिट निवेदनको मिसिल र अभिलेख व्यवस्थापन गर्ने सम्बन्धमा:-**

नेपाल सरकार उपर परेको रिट निवेदनमा अदालतबाट सो निवेदनमा सुनुवाइ भई अन्तिम आदेश भए पछि सो रिट निवेदन सम्बद्ध सक्कल फाइल सन्बन्धित निकायमा फिर्ता गरी सोको अभिलेख राख्ने । रिट निवेदनको मिसिल विपक्षी निकायमा फिर्ता पठाउने । निवेदनमा विपक्षी बनाइएका धेरै निकाय भएमा निवेदनसँग प्रत्यक्ष सरोकार राख्ने निकायमा फिर्ता पठाइ सोको अभिलेख राख्ने ।

**निर्देशन नं. ३३: सरकार वादी मुद्दाको मिसिल र अभिलेख व्यवस्थापन गर्ने सम्बन्धमा:-**

नेपाल सरकार वादी भई चलेका वा नेपाल सरकार उपर परेका मुद्दामा अदालतबाट अन्तिम फैसला भए पश्चात सम्बन्धित मिसिलमा रहेको अभियोगपत्र, तहगत

# महान्यायाधिवक्ताको कार्यालय
नेपाल

(.................................... शाखा)

रामशाहपथ, काठमाडौं


पत्र संख्या :-

चलानी नं. :- १६६२

मिति :-..............................

अदालतबाट भएका फैसलाको प्रतिलिपि समेत समावेश गरी अलग्गै फाइल खडा गरी सो मूल मिसिल अनुसन्धान गर्ने निकायमा पठाइ सोको अभिलेख राख्ने।

२०८०।०२।०२

..........................

(लोकराज पराजुली)

सहन्यायाधिवक्ता

<u>अवगतार्थः</u>

माननीय महान्यायाधिवक्ताज्यूको सचिवालय,

श्रीमान् नायब महान्यायाधिवक्ताज्यूहरु।


☎: ४२०००००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८

फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५

इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np